# नेपाल सरकार
# राष्ट्रिय परीक्षा बोर्ड
## सानोठिमी, भक्तपुरको

## कक्षा १२ को मौका (पूरक) परीक्षाको परीक्षाफल प्रकाशन सम्बन्धी विज्ञप्ती

राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरद्वारा २०८२ साल असोज ७ र ८ गते सञ्चालन भएको कक्षा १२ को मौका (पूरक) परीक्षार्थीहरूको परीक्षाफल राष्ट्रिय परीक्षा बोर्डको मिति २०८२/०७/२३ गतेको निर्णयानुसार प्रकाशित गरिएको छ । **परीक्षाफलको विवरण निम्नानुसार रहेको छ ।**

| विवरण | कूल परीक्षार्थी | सबै विषयमा ग्रेड प्राप्त गर्ने परीक्षार्थी | ग्रेड प्राप्त प्रतिशत |
|---|---|---|---|
| परीक्षार्थी संख्या | १,०४,०२६ | ७६,३६७ | ७३.४१ |
| परीक्षाफल रद्द गरिएको परीक्षार्थी संख्या | ४ | | |

**निम्न क्रमाङ्क भएका परीक्षार्थीहरूको परीक्षाफल रद्द गरिएको छ :**

९७१०१०७० ९७१०११२८ ९७१०२७१६ ९७१०४०९९

**परीक्षाफल सम्बन्धी जानकारी तपसिल बमोजिमको** Website, SMS Service र IVR Service **बाट प्राप्त गर्न सकिनेछ :**

**Website :**

१. **राष्ट्रिय परीक्षा बोर्डको** website: www.neb.gov.np

२. **नेपाल टेलिकमको** website : www.neb.ntc.net.np

**SMS सेवा :**

१. नेपाल टेलिकमको १६०० मा SMS गर्ने तरिका : NEB <space> Symbol No. टाईप गरी **१६००** मा SMS गर्ने ।

**पुनश्चः-**

१. **प्रमाणपत्र उपलब्ध गराउने सम्बन्धी व्यवस्थाः**
कक्षा १२ को मौका (पूरक) परीक्षामा सहभागी भई प्रत्येक विषयको सैद्धान्तिक परीक्षामा कम्तिमा D ग्रेड प्राप्त गरेका परीक्षार्थीहरूले नतिजा प्रकाशन भएको मितिले १० दिन पश्चात् मात्र ट्रान्सक्रिप्ट, माईग्रेसन, प्रोभिजनल (TMP) प्रमाणपत्रका लागि रु. १,५००।- (एक हजार पाँच सय मात्र) बुझाई रसिद काट्न सक्नेछन् । साथै पूरक प्रमाणपत्र प्राप्तीका लागि थप रु. ५००।- बुझाउनु पर्नेछ ।

२. कक्षा १२ को मौका (पूरक) परीक्षाफल प्रकाशन पश्चात् आफूले प्राप्त गरेको कुनै विषयको ग्रेडमा चित्त नबुझी पुनर्योग गर्न चाहने परीक्षार्थीहरूले प्रति विषय रु. १,०००।- (एक हजार) का दरले Online मार्फत दस्तुर बुझाई परीक्षाफल प्रकाशन भएको मितिले १० (दश) दिन (२०८२ कात्तिक २४ गते १०:०० बजेदेखि ऐ. मंसिर ३ गते साँझ ५:०० बजेसम्म) भित्र राष्ट्रिय परीक्षा बोर्डको website : neb.gov.np मा रहेको Retotaling Grade 12 (Supplementary) ***मार्फत*** आवेदन दिनुपर्नेछ

३. कक्षा १२ को मौका (पूरक) परीक्षाको परीक्षाफल प्रकाशनका क्रममा कुनै त्रुटि (स्थगित वा अनुपस्थित, विषय फरक पर्ने, नाम थर, रजिस्ट्रेसन नम्बर फरक पर्ने आदि) देखिएमा बोर्डका सम्बन्धित कार्यालयहरू वा राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी, भक्तपुरमा नतिजा प्रकाशन भएको मितिले ६ महिनाभित्र आवश्यक कागजातसहित निवेदन पेश गर्न अनुरोध गरिन्छ । म्याद नाघी आएका र रित नपुगेका निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

४. नतिजामा प्राविधिक कारणले कुनै त्रुटि भएमा परीक्षा नियन्त्रण कार्यालयको मूल अभिलेखबाट सच्याइने छ ।

- परीक्षा नियन्त्रक
मिति : २०८२/०७/२३